# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ्ग

१ नं. प्रदेश, नेपाल

प.सं : ०७५/७६
च.नं.: ३९७८

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश नेपाल

मिति २०७५।१२।०५

श्री वडा समितिको कार्यालय ( सबै )
बेलबारी नगरपालिका
मोरङ, १ नं. प्रदेश

विषय : कार्यपालिकाको निर्णय पठाईएको बारे ।

प्रस्तुत विषयमा बेलबारी नगर कार्यपालिकाको मिति २०७५।११।२७ र २०७५।१२।०१ गते बसेको बैठकको निर्णय प्रति यसै साथ आवश्यक कार्यान्वयन तथा जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

..............................
गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: २६

आज मिति २०७५।११।२७ गते सोमबार दिनको ११:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | अनुपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | अनुपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | अनुपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | अनुपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | अनुपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री महेन्द्र खड्का | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| २ | श्री झमक भटराई | शाखा अधिकृत | उपस्थित |
| ३ | श्री दिनेश खड्का | स-कम्प्यूटर अपरेटर | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश नेपाल

प्रस्तावहरु

१. बेलबारी नगरपालिका पुर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्न बनेको विधेयक २०७५ ।
२. मिति २०७५।०४।०१ देखि फागुन सम्म बेलबारी नगरपालिका राजस्व परामर्श समितिले सिफारिस गरेका कर, दस्तुर, तथा शुल्कहरुको सम्बन्धमा ।
३. बेलबारी नगरपालिकाको सांगठानिक ढाँचा तथा दरबन्दी संरचना विवरण २०७५ ।
४. आ.व. २०७५।०७६ को साविक स्थानिय निकाय तर्फका स्थायी/अस्थायी कर्मचारीको वार्षिक तलवी प्रतिवेदन सम्बन्धमा ।
५. मिति २०७५ श्रावण १ गते देखि मिति २०७५ फागुन २७ गते सम्म नगर कार्यपालिकाले गरेका निणर्यहरु मिति २०७५।११।२८ को नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।
६. प्रदेश सरकार र केन्द्र समक्ष योजना माग गर्ने सम्बन्धमा ।
७. परोपकार शान्ति घाट निर्माण बेलबारी ७ को योजना सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १: बेलबारी नगरपालिका विधेयक समितिको मिति २०७५।११।१९ को बैठकबाट सिफारिस भई आएको परिच्छेद १२ र दफा ५० र अनुसूचि १ समावेश भएको बेलबारी नगरपालिका पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्न बनेको विधेयक २०७५ छलफल गरि स्विकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २: मिति २०७५।०४।०७, ४।२५, १०।२७ र ११।२२ गते सम्म बेलबारी नगरपालिका राजस्व परामर्श समितिले सिफारिस गरेका तपशिल बमोजिमका कर, दस्तुर, तथा शुल्कहरुको सम्बन्धमा छलफल गरि स्विकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

१) यस नगरपालिका क्षेत्रभित्र चल्ने विद्युतिय रिक्सा (सिटिसफारी)लाई नगरपालिकामा नया दर्ता गर्नका लागि नगरसभामा सिफारिस साथै यसरी दर्ता हुने उक्त ई रिक्साको दर्ता नविकरण नामसारी र वार्षिक कदर रकम निम्न बमोजिम रहने ।

- नयाँ दर्ता शुल्क — रु. २०००।
- वार्षिक नविकरण शुल्क — रु. १००।
- एक पटकको नामसारी वापत नामसारी शुल्क — रु. २००।
- वार्षिक सवारी शुल्क — रु. ५००।

प्रमुख प्रशासकीय अधिकृत

२) नगरपालिकाको न्यायिक समितिमा दर्ता हुने अधिकार क्षेत्रभित्रका उजुरी, निवेदन तथा फिरादपत्रहरुको दर्ता दस्तुर निम्न बमोजिम कायम गर्ने ।

- साधारण प्रकृतिका फिरादपत्र दर्ता दस्तुर रु. १५०।
- जग्गा विवादका फिरादपत्र दर्ता दस्तुर रु. २००।

(फिरादपत्र परेका जग्गाको अमिनद्धारा जग्गा नापजाँच गरी छुट्याउने प्रयोजनको हकमा नगरपालिकाको आर्थिक ऐन २०७५ को अनुसुची ७ को सि.नं. ५ बमोजिम नै हुने)

३) नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०७५।०२।०३ को निर्णय बमोजिम र नगरपालिकाको आर्थिक ऐन २०७५ को अनुसुची ४ बमोजिमको बहाल विटौरी शुल्क लगाउने प्रयोजनका लागि निम्न स्थानीय हाटबजारको न्युनतम बार्षिक कायम अंकमा २० प्रतिशतले कम मुल्य कायम गर्ने ।

क) बेलबारी ११ मा लाग्ने शनिवारे कृषिउपज हाट बजारको साविक न्युनतम अंक रु. १०००००। बाट रु. ८००००। कायम गर्ने ।

ख) बेलबारी ५ मा लाग्ने शनिहाट विहिबारे हाट र बुधवार हाटको न्युनतम अंक रु. ४००००। बाट रु ३२०००। कायम गर्ने ।

४) नगरपालिका क्षेत्रभित्र भएका तथा नयाँ दर्ता हुने निम्न बमोजिम व्यवसाय दर्ता शुल्क नविकरण शुल्क र वार्षिक कर रकम कायम गर्ने ।

| क्र.स. | व्यसायको प्रकृति | दर्ता शुल्क | नविकरण शुल्क | वार्षिक कर रकम |
|---|---|---|---|---|
| १ | किराना पसल खुद्रा | ५०० | १०० | ७५० |
| २ | किराना पसल थोक | १००० | २०० | २५०० |
| ३ | फर्निचर शोरुम | २००० | ३०० | २५०० |
| ४ | अन्य वर्गीकरण नखुलेका सबै प्रकारका व्यवसायहरुको हकमा | ५०० | १०० | पूँजीका आधारमा |

वर्गीकृत पूँजीको विवरण

| क्र.स. | पुजी रकम | वार्षिक कर रकम |
|---|---|---|
| १ | ५ लाख सम्म | १००० |
| २ | ५ लाख १ देखि १० लाख सम्म | २००० |
| ३ | १० लाख १ देखि ५० लाख सम्म | ३००० |
| ४ | ५० लाख १ देखि १ करोड सम्म | ४००० |
| ५ | १ करोड १ देखि माथी | ५००० |

प्रमाणित

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

४) यस नगरपालिकाको नगरस्तरीय दररेट निर्धारण समितिले निर्धारण गरेको नगरस्तरीय दररेट पुस्तिकाको बिक्री मुल्य व्यक्तिगत प्रयोजनका लागि रु १००० र संस्थागत प्रयोजनका लागि रु. १५०० कायम गर्ने ।

५) यस नगरपालिकाबाट प्रकाशित ऐन, नियम, कार्यविधि लगायत पुस्तिकाको संग्रहको बिक्री मूल्य व्यक्तिगत प्रयोजनका लागि रु. ५०० र संस्थागत प्रयोजनका लागि रु. १००० कायम गर्ने ।

६) बेलबारी गरपालिकाको आर्थिक ऐन २०७५ बमोजिम दोश्रो नगरसभाबाट स्वीकृत सम्पती करका दरहरुलाई कार्यान्वयन गर्ने शिलसिलामा देखिएका केहि जटिलताहरुको सन्दर्भमा जिल्ला भित्रका आसपासका स्थानिय तहहरुको करको दरहरुको समेत तुलनात्मक अध्ययन गरि आगामी नगरसभाबाट संशोधन गर्ने ।

७) चालु आ.व २०७५।०७६ को सम्पत्ती कर सम्बन्धी मुल्याङ्कनमा कुनै एउटै ठूलो कित्ता भए तपशिल अनुसारको सम्पत्ती कर निर्धारणमा गर्ने ।

<u>तपशिल</u>

(क) पहिलो ३ कठ्ठा भए प्रचलित आर्थिक ऐनको अनुसुचीमा उल्लेख भएको सम्पती मुल्याङ्कनको १०० प्रतिशत मुल्यकंनमा नै मुल्याकंन हुने ।

(ख) दोश्रो ७ कठ्ठा भए प्रचलित आर्थिक ऐनको अनुसुचीमा उल्लेख भएको सम्पती मुल्याङ्कनको २५ प्रतिशत कम मुल्यकंनमा मुल्याकंन हुने ।

(ग) तेश्रो १० कठ्ठाभन्दा बढी प्रचलित आर्थिक ऐनको अनुसुचीमा उल्लेख भएको सम्पति मुल्याङ्कनको ५० प्रतिशत कम मुल्यकंनमा मुल्याकंन हुने ।

८) सुन चादी गरगहना पसल दर्ता नविकरण र वार्षिक कर रकम

क) सुनचादी तथा गर गहना व्यवसायको हकमा तपशिल बमोजिम हुनेः

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १ | व्यवसाय दर्ता | २००० |
| २ | व्यवसाय नविकरण | २०० |
| | पूँजी रु. | वार्षिक कर रु. |
| | ५ लाख सम्म | १५०० |
| | ५ लाख १ देखि १० लाख सम्म | २००० |
| | १० लाख १ देखि २० लाख सम्म | २५०० |
| | २० लाख १ देखि ५० लाख सम्म | ३००० |
| | ५० लाख १ देखि माथी | ४००० |
| | १ करोड १ देखि माथी | ५००० |

९) (क) आयश्रोत प्रमाणित प्रतिलाख रु. १५० का दरले ।

(ख) विद्यार्थिका लागि प्रतिलाख रु. १०० का दरले (अध्ययन प्रयोजनका लागि)

१०) चल अचल सम्पती मुल्याङन दस्तुर

(क) प्रतिलाख रु. १५० का दरले ।

(ख) विद्यार्थि सहुलियत प्रयोजनका लागि प्रतिलाख रु. १०० का दरले हुने ।

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

११) स्थायी बसोबास सिफारिस दस्तुर रु. १०० प्रति सिफारिस हुने ।

१२) व्यवसायिक संरचना फनपार्क,पाटी प्यालेस आदिको दररेट सम्बन्धमा ।

बेलबारी नगरपालिकाको आर्थिक व्यवस्था गर्न बनेको ऐन २०७५ ले व्यवसायिक संरचना फनपार्क, पाटी प्यालेस निर्माण गर्दा तपशिल बमोजिमको दररेट बमोजिम हुनेछ ।

| सि.नं. | वर्ग फुट | रकम रु. | धरौटी |
|---|---|---|---|
| १ | ०–१००० वर्ग फुटसम्म | ३.५० | ५० प्रतिशत |
| २ | १०००–२००० वर्ग फुटसम्म | ५.५० | ५० प्रतिशत |
| ३ | २०००–२५०० वर्ग फुटसम्म | ५.५० | ५० प्रतिशत |
| ४ | २५००–४००० वर्ग फुटसम्म | ६.५० | ५० प्रतिशत |
| ५ | ४००० वर्ग फुट भन्दा माथि | ७.५० | ५० प्रतिशत |
| ६ | पर्खाल प्रति रनिङ फिट | १.०० | ५० प्रतिशत |

१३) रोजगारदाता फर्म वा व्यवसाय दर्ता नवीकरण शुल्क सम्बन्धमा ।

बेलबारी नगरपालिका श्रमिकहरुको सेवासुरक्षा र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ६(३) अनुसार रोजगारदाता फर्म वा व्यसायको दर्ता र नवीकरण सम्बन्धी शुल्क निर्धारण र दफा ७ (ख) र (ग) बमोजिम प्रति घर निर्माण ठेक्का संम्झौतामा घरधनी र रोजगारदाता फर्मबाट प्राप्त हुने रकम नगरसभाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोले तपशिल बमोजिम गर्ने ।

क) रोजगारदाता फर्म वा व्यवसाय दर्ता शुल्क रु. ५००।–

ख) नवीकरण शुल्क रु. १००।–

ग) वार्षिक कर रु. ४०००।–

घ) घरनिर्माण दाता र रोजगारदाता फर्मबाट प्रति स्कवायर फिट रु. १।–/ रु. १।– का दरले

ङ) नगरपालिकाले चालु आ.व.को स्वीकृत नगर विकास योजनाको म्याचिङ फण्टबाट श्रमिक हितकोषमा रु. १०००००।– एकलाख छुट्याउने ।

माथि उल्लेखित बुदा न १ देखि १४ सम्मका कर दस्तुर तथा शुल्कहरु बेलबारी नगरपालिका आर्थिक ऐन २०७५ को अनुसुचीमा समावेश गर्ने ।

<u>निर्णय नं. ३:</u> बेलबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सांगठानिक ढाँचा २०७५ तथा बेलबारी नगरपालिका नगरकार्यपालिकाको कर्मचारी दरबन्दी संरचना विवरण २०७५ को विषयमा छलफल गरी नगरसभामा स्विकृतीका लागि अनुसचि २ संलग्न गरी पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४:</u> बेलबारी नगरपालिका नगर कार्यपालिकाको आ.व. २०७५।०७६ को साविक स्थानिय निकाय तर्फका तपशिल बमोजिमका स्थायी/अस्थायी कर्मचारीको वार्षिक तलबी प्रतिवेदन माथी छलफल गरी स्विकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५: बेलबारी नगरकार्यपालिका मिति २०७५ श्रावण १ गते देखि मिति २०७५ फागुन २७ गते सम्म भएका निणर्यहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: प्रदेश सरकार र संघीय सरकार समक्ष योजना माग गर्ने तपशिल बमोजिमका योजनाहरु विशेष प्रस्तावका रुपमा स्विकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

संघीय सरकार समक्ष

१) बेलवारी नगरपालिकाको पश्चिम सिमाना भएर बग्ने लोहन्द्र खोला र पुर्वी सिमाना भएर बग्ने चिसाङ् खोलाले बर्षेनी ठूलो जनधनको क्षति पुर्याई रहेकोमा प्रदेश सरकार तथा नेपाल सरकार समक्ष दिर्घकालिन योजना बनाई नियन्त्रण कार्यमा सहयोग गर्न अनुरोध गर्ने ।

२) बेलवारी नगरपालिका वडानं ८ स्थित पेट्रोल खानि अन्वेषणको चर्चा बर्षौ देखि चलि आएकोमा त्यस क्षेत्रबाट पेट्रोल उत्खनन् गरी प्रसोधन गर्न बिस्तृत अध्ययन गरी उत्खनन् कार्य अघि बढाउन नेपाल सरकार सँग अनुरोध गर्ने।

३) बेलवारी नगरपालिका पर्यटकिय क्षेत्रको प्रमुख गन्तव्य स्थल बन्न सक्ने र आर्थिक संबृद्धिमा महत्वपुर्ण योगदान दिने सिमसार क्षेत्र भएकाले यस क्षेत्रमा रहेको सिमसार क्षेत्रको तथा रमिते पर्यटकिय क्षेत्र र सृजना पार्कको संरक्षण तथा बिकासका लागि योजनामा समावेस गरी बजेट व्यवस्थापन समेत गरिदिनु हुन प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने।

४) बेलवारी नगरपालिका क्षेत्रमा हजारौको संख्यामा रहेका सुकुम्बासीहरुको दिगो व्यवस्थापन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने ।

५) बेलवारी नगरपालिकाको वडा नं ५ मा पर्ने सुनसरी मोरङ् सिचाई आयोजना अन्तर्गत पर्ने नरको साईफन र पुल आ.व.०७४।०७५ मा आएको बढीले बगाएकोमा अहिले सम्म नयाँ बनाउने कामको थालनि नहुदा हजारौ बिघा खेति योग्य जमिन सिचाई बाट बञ्चित हुनका साथै त्यस क्षेत्रमा आवत जावत समेतमा कठिनाई भएकाले त्यस्तो संवेदनशिल बिषयलाई प्राथमिकतामा राखि बजेट बिनियोजन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

६) शैक्षिक गुणस्तर प्राप्तिका लागि शैक्षिक लागानीलाई आर्कषित गर्ने । शिक्षा क्षेत्रमा रहेको असमानता कम गर्ने र ONE DAY ALL CHILDREN IN NEPAL WILL ATTAIN AN EXCELLENT EDUCATION. (एक दिन नेपालका सबै बालवालिकाले गुणस्तरिय शिक्षा हासिल गर्ने छन) भन्ने लक्ष्य सहित संचालित टिच फर नेपाल जस्ता अभियानहरुसँग सहकार्य गर्ने ।

प्रदेश सरकार समक्ष

१) बेलवारी नगरपालिकाको पुर्वी सिमाना चिसाङ् हुदै वडा नं ७ वडा कार्यलायबाट पश्चिम स्कुल डाँडा ७ र ८ को बाटो हुदै ९ नं वडा भक्काचौक केसलिया खोला हुदै वडा नं ५ को मेले हुदै लोहन्द्रा खोला सम्मको हुलाकि मार्ग १३ कि.मी. सडक स्तर उन्नती, र कालोपत्रे, पुल निर्माण गर्नका लागि योजनामा समावेस गर्दै बजेट व्यवस्थापन समेत गरिदिन प्रदेश सरकार सँग अनुरोध गर्ने ।

२) रोजगारी अभिबृद्धि तथा गरिव परिवारलाई उद्यम विकासमा सहभागी गराई आर्थिक अवस्था सुधार गर्ने उदेश्यले आ.ब. २०७५।०७६ मा संचालन गरिने "गरिबसँग नगरपालिका कार्यक्रम" मा सहकार्य गर्न सम्बद्ध कार्यालय संस्थाहरुसँग अनुरोध गर्ने।

३) बेलवारीमा संचालन भईरहेको बेलवारी बहुमुखी क्याम्पस भवन निर्माणको लागि प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने ।

संयुक्त (संघ तथा प्रदेश सरकारसँग अनुरोध गर्ने )

१) कृषिलाई यान्त्रिकिकरण गर्दै उत्पादनमुलक र व्यवसायिकरण गर्न नीजि क्षेत्रको लगानीलाई प्रोत्साहित गरी सहकार्य गर्न अनुरोध गर्ने।

२) बेलबारी नगरपालिकामा खेलकुद विकास तथा प्रर्वद्धन गर्न कवर्डहल तथा रंगशाला निर्माणका लागि प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने ।

३) बेलबारी नगरपालिमा कृषि क्षेत्रको विकास गर्न र व्यवसाय प्रर्वधनका लागि शित भण्डार (कोल्डस्टोर) निर्माणका लागि प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने ।

४) वेलबारी नगरापालिका क्षेत्रमा क्षेत्रिय र प्रदेश स्तरका कार्यक्रम समेत संचालन गर्न सहयोग पुग्ने गरीको अत्याधुनिक १००० सिट क्षमता भन्दा माथीको सभागृह निर्माणका लागि प्रदेश तथा नेपाल सरकारसँग अनुरोध गर्ने ।

निर्णय नं. ६: बेलबारी नगरपालिका वडा नं. ७ को आ.व. २०७४।०७५ को बिनियोजित योजना र चालु आ.व मा क्रमागत योजना मा रहेको चिसाङ् परोपकार शान्ति घाट निर्माण सम्बन्धी योजना मुद्दाको कारणबाट निर्माणका लागि बाधा भई सम्बन्धित स्थानमा योजना संचालन हुन नसक्ने भन्ने ७ नं. वडा समितिको कार्यालयबाट मिति २०७५।१०।२० मा निर्णय भई आएको हुँदा सो योजना संझौता भंग गरि फछ्र्योट गर्ने निर्णय गरियो।

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

वैठक संख्या: २७

आज मिति २०७५।१२।०१ गते शुक्रबारका दिन विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री महेन्द्र खड्का | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| २ | श्री झमक भटराई | शाखा अधिकृत | अनुपस्थित |
| ३ | श्री दिनेश खड्का | स-कम्प्यूटर अपरेटर | उपस्थित |

प्रमाणित

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. वडागत रुपमा योजनाहरुको समिक्षा
२. सडक अधिकार क्षेत्रभित्र पसल व्यवसाय व्यवस्थापन सम्बन्धमा ।
३. बालमैत्री नगरस्तरीय समिति गठन सम्बन्धमा ।
४. विविध

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलबारी, मोरङ १ नं. प्रदेश नेपाल

**निर्णय नं. १ :** चालु आ.व . २०७५।०७६ को योजनाहरुको अवस्था सम्बन्धी वडाअध्यक्ष ज्यूहरु बाट प्रस्तुति गरियो साथै सम्बन्धित वडाको हालसम्मको प्रगती विवरण तयार गरी ७ दिन भित्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

निर्णय नं. २ : लोकमार्गको क्षेत्राधिकार भित्र रहेका अव्यवस्थित पसल,व्यवसायहरु व्यवस्थापन गर्न वडा समितिले समेत आवश्यक पहल गर्ने साथै नगर प्रहरी लगायत इलाका प्रहरी कार्यालय, बजार व्यवस्थापन समितिको सहयोगमा लोकमार्ग क्षेत्राधिकार भित्र रहेका अव्यवस्थित पसल, व्यवसायहरु व्यवस्थापन गर्ने । यदि अटेरी गरी पसल,व्यवसाय राख्नेहरुलाई नगर प्रहरी मार्फत उठाई पहिलो पटकमा कबुलियतनामा गराइ सचेत गराउने र पुन :दोह्याएमा प्रति पटक रु. ५०० दण्ड जरीमाना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :बालमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि संसोधीत २०७४ को दफा १३ बमोजिम नगर समितिका सदस्यहरु मनोनयन गरी समिति पुरा गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : साविक डाँगीहाट गा.वि.स. र बाहुनी गा.वि.स. को नाममा यातायात व्यवस्था कार्यालयमा इटहरीमा दर्ता भएको तपशिल बमोजिमका मोटरसाइकलहरु बेलबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा नामसारी गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | मोटरसाइकलको नाम | सवारी धनिको नाम(साविक) | सवारी दर्ता नं. | क्षमता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुपर स्प्लेण्डर | डाँगीहाट गा.वि.स. | को.१.ब ११३९ | १२४.७ | |
| २ | यामाहा एसजेडआरआर | बाहुनी गा.वि.स. | को.२७. प ४१९७ | १४९.३ | |

गणेश प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

विविध

**निर्णय नं. १:** साविक बेलबारी गाँउ विकास समितिको स्वामित्वमा रहेको हाल बेलबारी नगरपालिकाको स्वामित्वमा रहेको साविक कसेनी १(ङ) कि.नं. ६७ को ०-१५-०-० विगाहा मध्ये दक्षिण तर्फबाट ०-६-२-० विगाहा जग्गा ईलाका प्रहरी कार्यालय बेलबारीलाई हस्तान्तरण गर्नका लागि नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवा काठमाण्डौं को च.नं. ४९४ मिति २०७५।११।२१ को पत्रबाट बेलबारी नगरपालिकाको स्वामित्वमा रहेको साविक कसेनी १(ङ) कि.नं. ६७ को ०-१५-०-० विगाहा मध्ये दक्षिण तर्फबाट ०-६-२-० विगाह जग्गा ईलाका प्रहरी कार्यालय बेलबारीलाई हस्तान्तरण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बाट स्वामित्व हस्तान्तरण गर्न स्विकृत प्राप्त भएकोले इलाका प्रहरी कार्यालय बेलबारीको नाममा निशुल्क रजिष्ट्रेसन पास गर्न बेलबारी नगरपालिकाको तर्फवाट शाखा अधिकृत (सातौ) श्री महेन्द्र खड्कालाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत